कमलामाई नगरपालिका
KAMALAMAI MUNICIPALITY
# नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
सिन्धुलीमाढी, सिन्धुली
SINDHULIMADHI, SINDHULI
बागमती प्रदेश, नेपाल
BAGMATI PROVINCE, NEPAL

**नायब सुब्बा पदको लोक सेवा आयोग तयारी कक्षामा सहभागी हुन चाहनेहरुले आवेदन पेश गर्ने सम्बन्धी ७ दिने सार्वजनिक सूचना ।**
**(दोश्रो पटक प्रकाशित मिति २०८१/११/१५)**

यस कमलामाई नगरपालिका सिन्धुलीको चालु आर्थिक वर्ष २०८१/०८२ मा विपन्न वर्ग लक्षित अनलाईन (ZOOM) माध्यमबाट लोकसेवा आयोग तयारी कक्षा संचालन गरिने भएकोले सो तयारी कक्षामा सहभागी हुन इच्छुक व्यक्तीहरुले आवेदन दिनको लागि मिति २०८१ माघ २८ गते १५ दिने सूचना प्रकाशित गरिएकोमा पर्याप्त आवेदन नपरेकोले दोश्रो पटक यो सूचना प्रकाशित गरिएको छ । मिति २०८१ फाल्गुण २१ गते सम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिला र अपाङ्गता भएका व्यक्तिहरुको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ) व्यक्तिले तपशिलमा उल्लेखित कागजात संलग्न राखी सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा सामाजिक विकास शाखामा आवेदन पेश गर्न हुन जानकारी गराईन्छ । म्याद समाप्त भई आएको र रित नपुगी आएको प्रस्ताव उपर कुनै कारवाही नहुने र प्रस्ताव पेश गर्ने अन्तिम दिन कुनै सार्वजनिक विदा परेमा सोको भोली पल्ट आवेदन पेश गर्न सकिने छ । साथै, यस सम्बन्धी विस्तृत जानकारी लिन परेमा कमलामाई नगरपालिका सामाजिक विकास शाखामा सम्पर्क गर्न सकिने व्यहोरा जानकारी गराईन्छ ।

**आवेदन साथ पेश गर्नु पर्ने कागजातहरु :**

१ निवेदन (सामाजिक विकास शाखाबाट उपलब्ध हुने ढाँचामा)
२.शैक्षिक योग्यताको प्रतिलिपी (कम्तीमा १०+२ वा सो सरह उत्तिर्ण गरेको)
३. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।
४. नेपाली नागरिकतामा कमलामाई नगरपालिका भन्दा वाहिर ठेगाना भएमा कमलामाई नगरपालिकामा स्थायी बसोवास गरेको हो भनि प्रमाणित हुने अन्य कागजात ।
५. अपाङ्गता भएका व्यक्तिको हकमा अपाङ्गता परिचय पत्रको प्रतिलिपी ।

सागर कुमार ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

CamScanner